# कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

मितिः२०७९/०२/१३

कृषि ज्ञान केन्द्र, कास्की, आ.व.२०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि समुह तथा सहकारी संस्थाले मिति २०७९/०२/२७ गते (१५ दिन) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | फलफूल बगैचा सुदृढीकरण तथा क्षेत्र विस्तार कार्यक्रम | विरुवा/ मल/ विषादी/ कृषि सामाग्री/ कृषि यन्त्र उपकारण खरिदमा अनुदान (खरिद मूल्यको ७५% सम्म ) | २० जना | १००० | कम्तिमा पनि ३ रोपनी क्षेत्रफलमा फलफूल खेती गरिएको वा गर्नु पर्ने । |
| २. | व्यवसायिक फलफूल खेती गर्न इच्छुक कृषकहरुलाई अनुदानमा फलफूल विरुवा र आवश्यक कृषि सामाग्री वितरण कार्यक्रम | प्रति रोपनी अधिकतम पाँच हजार रुपैया नबढ्ने गरि कुल लागतको बढिमा ७५%( विरुवा, मेसिनरी औजार तथा उपकरण, अन्य कृषि सामाग्री) | ८ हेक्टर | ८०० | कार्यक्रममा संलग्न हुने कृषकले कम्तिमा ३ रोपनि क्षेत्रफलमा फलफूल खेती गरेको हुनुपर्ने छ । |

**आवश्यक कागजातहरुः**

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२. सोही प्रकृतिको कार्यक्रमकालागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।

३. सम्बन्धित स्थानिय तहको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको, सम्बन्धित वडाको सिफारिश) ।

४. खेति विस्तारहुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ)।

५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रर्माण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि,

६. व्यक्तिगत कृषकको हकमा नागरिताको प्रतिलिपि

*नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेवसाईट kaski.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ।*

**थप जानकारीको लागि ०६१-४६१२५०, ९८४६३११२९३, ९८५६०३७४३५, ९८५६००१३४४, ९८५७६२१३४१ मा सम्पर्क गर्न सकिनेछ ।**

२०७९/०२/१३

प्राविधिक अधिकारी
प्रमुख
अधिकृत स्तर नवौं